**प्रेस विज्ञप्ति**

निजी आवास पुर्ननिर्माणको लागि अनुदान सम्झौता ।

(२०७३ असोज २०)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १२ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ असोज २० गते सम्म ४,६२,०५८ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने करिब १,७३,७२५ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ । भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुर्ननिर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदान हस्तान्तरण गर्न राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट "क","ख" र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरु मार्फत आ- आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाईएको छ | साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्न भैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने र सम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथासिघ्र बैंकखातामा अनुदान रकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका, तथा गाविसहरुलाई निर्देशन दिईसकेको छ | यसबाट आगामि दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ |

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदानसम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ५१४२८ | ४९०५५ | १५७४३ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७४८५७ | ७२२८९ | १४४४७ |
| ३ | रामेछाप | ४३६०९ | ४०७८७ | ३९७५९ | १३९७२ |
| ४ | धादिङ्ग | ७०५८१ | ५९३५२ | ३९३५५ | १५५३६ |
| ५ | नुवाकोट | ६५७५९ | ५७९८५ | ५१३०१ | १०६७० |
| ६ | दोलखा | ५१७६२ | ४५१८५ | ४४६०७ | २१७१२ |
| ७ | ओखलढुङ्गा | १९८१८ | १८०२० | १७००३ | ५९५१ |
| ८ | काभ्रेपलाञ्चोक | ६७६६५ | ५८६०८ | ५५१५८ | २१४३६ |
| ९ | सिन्धुली | ३४२५६ | २७७५१ | २४५६६ | २५३९६ |
| १० | रसुवा | ११२३६ | ९२९९ | ८१६३ | १३५१ |
| ११ | मकवानपुर | ३०२३८ | १८७८२ | १६९९३ | २६९०९ |
| १२ | ललितपुर | १२१८ | ४ | | ६०२ |
| | जम्मा | ५३३१८२ | ४६२०५८ | ४१८२४९ | १७३७२५ |

(सीता परियार)

सहायक प्रवक्ता एवं सुचना अधिकारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ असोज २०